# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिमलाई दृष्टिगत गरी संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षाको लागि सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।७ मा बसेको पूर्ण बैठकले अत्यावश्यक सेवा बाहेक अन्य नियमित सेवा स्थगन गर्ने निर्णय भएअनुसार यस अदालतमा पनि अत्यावश्यक बाहेकका अन्य सेवा बन्द रहेकोमा सर्वोच्च अदालतका विभिन्न मितिका निर्णय र उच्च अदालत पाटन समेतको निर्देशानुसार मिति २०७७।३।१ गते देखि अत्यावश्यक सेवा सहित देहायका थप सेवाहरु समेत संचालन गरिने बेहोरा संबन्धित सबैको जानकारीका लागि अनुरोध गर्दछु ।

१. सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयानुसार बन्दाबन्दीको अवधिमा गर्दै आएका कामकारवाही यथावतरुपमा संचालन गर्ने ।

२. न्याय सम्पादन र सुनुवाइमा अधिक समय नलाग्ने कार्यका रुपमा रहेका मिलापत्र, मुद्दा फिर्ता, डिसमिस र तामेली फैसला हुने मुद्दाको काम कारवाही सम्पादन गर्ने ।

३. कसूर कायम भई सजाय पूर्वको प्रतिवेदन प्राप्त भइसकेका वा सहजरुपमा प्राप्त हुने अवस्थाका मुद्दाहरुमा सजाय निर्धारणको लागि सुनुवाई गर्ने ।

४. बन्दाबन्दीको अवधिमा मुद्दा फैसला हुन नसकी अभियोगपत्रमा दावी लिइएको सजाय भन्दा बढी कैद अवधि थुनामा बसेको वा बस्न सक्ने अवस्थाका प्रतिवादीका हकमा प्रमाण बुझी अङ्ग पुगी सकेको भए त्यस प्रकारका मुद्दाको सुनुवाई गर्ने ।

५. सबै प्रतिवादीहरु अदालतको आदेशले थुनामा रहेका र उक्त मुद्दामा प्रमाण बुझी अङ्ग पुगी सकेको भए त्यस्ता थुनुवा मुद्दाको मात्र सुनुवाई प्रारम्भ गर्ने ।

६. प्रमाण बुझी अङ्ग पुगिसकेका र अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेका फौजदारी मुद्दाको सुनुवाई गर्ने ।

७. विवाह दर्ता संबन्धी निवेदनहरु दर्ता हुन आएमा कार्यबोझ र त्यस्ता निवेदनमा सरोकारवालाको संख्या र स्वास्थ्य सुरक्षा समेतलाई ध्यान दिई निश्चित संख्या तोकी कार्य प्रारम्भ गर्ने

८. अर्ध-न्यायीक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम पर्न आएका निवेदनको सुनुवाई गर्ने ।

९. अभियोगपत्र साथ पेश भएका दशीका सामान संबन्धित ब्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहर भएको रहेछ भने सम्बन्धित ब्यक्तिले फिर्ता माग गर्न आएमा फिर्ता दिने।

१०. सरकारवादी फौजदारी मुद्दामा फरार रहेका प्रतिवादी अदालतबाट जारी भएको म्यादमा बयानका लागि हाजिर भएमा निजको बयान गरी बाँकी कार्य सम्पन्न गर्ने

११. बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञाका निवेदन दर्ता गरी कारवाही प्रारम्भ गर्ने ।

१२. सरोकारवाला अन्य कार्यालयहरु खुला भएको अवस्थामा अवस्था विचार गरी अधिकृत वारेशनामा प्रमाणित गर्ने ।

2066 2/2C

गोविन्दप्रसाद घिमिरे
श्रेस्तेदार उप-सचिव